JIKaP

Journal of Indigenous Knowledge and Practice

2025, Vol. 1, No. 1, pp. 177-193

Article History: Received: 14 January 2025; Reviewed: 14 February 2025; Revised: 3 March 2025; Accepted: 25 March 2025

राजवंशी भाषाको अपसरणका क्षेत्र र कारणहरू

Tilak Lamsal*

Faculty of Social Sciences and Education, NOU, Nepal

सार

कुनै भाषिक समुदायका दोभाषी मानिसहरू आफ्नो मातृभाषाको प्रयोग क्रमशः छाड्दै अर्को भाषाको प्रयोगतर्फ अग्रसर हुने स्थितिलाई भाषिक अपसरण मानिन्छ । नेपालमा प्रयोग हुँदै आएका सीमान्तकृत जातिका मातृभाषीहरू दोस्रो भाषातर्फ अपसरण हुँदै गएका सन्दर्भहरू पूर्वकार्यहरूले देखाएका भए पनि राजवंशी भाषाको अपसरणका सम्बन्धमा पूर्वकार्यहरूको कमी रहेको देखिन्छ । राजवंशी भाषाको अपसरणका क्षेत्र र कारणहरूलाई समस्या मानिएको प्रस्तुत लेखमा अध्ययन क्षेत्रका राजवंशी भाषाका कुन किसिमका शब्दमा अपसरण हुँदै छन्, त्यसको खोजी गरी उक्त भाषाको अपसरणको अवस्था र कारणहरूको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यो लेख गुणात्मक शोध पद्धतिका आधारमा अध्ययन क्षेत्रमा बसोबास गर्ने राजवंशी मातृभाषी वक्ताहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिएर तथ्य सङ्कलन गरी प्राप्त तथ्यहरूलाई आगमनात्मक विधिबाट वर्णन तथा विश्लेषण गरिएको छ । प्राप्त तथ्यको विश्लेषण गर्दा राजवंशी मातृभाषी पाकोपुस्ता र युवापुस्ता दुवैमा भाषिक अपसरण हुन गएको पाइन्छ । विशेष गरी स्थाननाम, शिष्टाचार/अभिवादन, नाता/साइनो, तरकारीबोधक साग नामजस्ता क्षेत्रका शब्दहरू नेपाली भाषातर्फ अपसरण (language shift) हुँदै गएको देखिएको र यसो हुनुमा नेपाली भाषाको प्रभाव र अन्तरजातीय विवाह मुख्य कारण रहेको नतिजा निस्किएको छ । प्राप्त नतिजलाई हेर्दा पाकोपुस्ताका राजवंशीहरू पारिवारिक वातावरणमा आफ्नो जातीय भाषामै कुराकानी गर्ने भए तापनि युवापुस्ताका राजवंशीहरूले कुराकानी गर्दा भने नेपाली भाषा नै बढी प्रयोग गर्ने गरेको देखिएकाले राजवंशी भाषा अपसरणतर्फ लाग्दै गएको निष्कर्ष निस्किएको छ । राजवंशी भाषाको संरक्षणका लागि उक्त भाषाको अपसरणको प्रभावको गहन अध्ययन हुनुपर्ने, राजवंशी समुदाय बाहुल्य भएको क्षेत्रमा राजवंशी मातृभाषाका माध्यमबाट आधारभूत तहसम्म पठनपाठन गर्ने व्यवस्था स्थानीय तहले मिलाउनुपर्ने लगायतका सुझावहरू पनि प्रस्तुत गरिएको छ ।

शब्दकुञ्जी : कोच, प्रभावी भाषा, भाषिक अपसरण, मातृभाषा, राजवंशी

*Author's email: tilaklamsal522@gmail.com

ISSN: 3102-0216

Abstract (English)

Language shifting is considered to be a situation in which bilingual people of a language community gradually abandon the use of their mother tongue and move towards the use of another language. There seems to be a lack of previous works on the shifting of Rajbanshi languages. So, this article aims to analyze the situation and causes of shifting of the Rajbanshi language by investigating the types of words such as field of place names, courtesy/greetings, kinship/signs, vegetable names, and others that are seen to be shifting towards the Nepali language. It is found that there is a linguistic shift in both the older and younger generations of Rajbanshi mother tongues. The main conclusion is that the influence of the Nepali language and inter-caste marriage are the main reasons for this. The Rajbanshi older generations communicate in their ethnic language in the family environment. However, Rajbanshi language is on the verge of disappearing, as it is seen that the younger generation of Rajbanshi uses Nepali more when communicating. For the preservation of the Rajbanshi language, an in-depth study of the impact of the language's divergence should be conducted, local level should make arrangements for teaching up to the basic level through the Rajbanshi mother tongue in areas where the Rajbanshi community is predominant.

परिचय

नेपाल एक बहुजातीय बहुभाषी देश हो । यहाँ शताब्दियौं देखि विविध जातजातिहरूले आफ्नो समूहमा आफ्नो जातिगत भाषाका माध्यमबाट व्यवहार चलाउँदै आएको पाइन्छ । यहाँका जातजातिहरू मिश्रित रूपमा बसोबास गर्ने हुँदा नेपाली समाज बहुभाषिक प्रकृतिको देखिन्छ । त्यसैले यहाँ एक भाषा-भाषीको अरू भाषा-भाषीहरूसँग भाषिक सम्पर्क हुनु स्वाभाविकै हो । यस्तो प्रकारको भाषिक सम्पर्कले भाषिक अपसरण (language shifting) को स्थिति सिर्जना हुन जान्छ । अपसरण भन्नाले पछाडि सर्ने काम, हट्ने वा खस्कने काम, वा

पलायन, विचलन हुने अवस्थालाई बुझाउँछ (प्रज्ञा बृहत् नेपाली शब्दकोश, २०७९)। "भाषिक अपसरण भनेको कुनै भाषिक समुदायमा (वा यसका सदस्यहरूमा) देखिने यस्तो प्रक्रिया हो जहाँ दोभाषी मानिसहरू एउटा भाषा छाडेर अर्को भाषाको प्रयोगतर्फ अग्रसर हुन्छन्" (शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०७५)। त्यस्तै अर्को एक अध्ययनअनुसार नेपालमा कतिपय जातिका सबै वक्ताले मातृभाषा बोल्न नसक्ने अवस्था पनि छ। जातिले मातृभाषा त्याग्दै गएको स्थिति देखिन्छ (निरौला, (२०७९/८०)। यही कम रहँदै जाने हो भने भाषा लोप हुने खतरा रहन्छ।

राजवंशी जतिको ऐतिहासिक पृष्ठभूमि हेर्दा हालको भारतको आसाम राज्यअन्तर्गत पर्ने कामरूप क्षेत्रको कोच राज्यसँग यस जातिको सम्बन्ध रहेको देखिन्छ। पौराणिक कालका रामायण, महाभारत, तन्त्र, पुराण आदि हिन्दु धार्मिक ग्रन्थहरूमा पनि प्रागज्योतिष कामरूप देशको उल्लेख रहेको पाइन्छ। पछि उक्त क्षेत्र ज्योतिषपुर, कामरूपा, कामतापुर आदि विभिन्न नामले चिनिँदै आएको र कालान्तरमा उक्त कोच राज्यअन्तर्गत वर्तमान पूर्वी नेपालको कोशी नदीपूर्वदेखि भारतको आसामसम्मको सम्पूर्ण तराई खण्ड पर्दथ्यो भन्ने कुरा विभिन्न इतिहासकारहरूले बताउने गरेको देखिन्छ। विभिन्न समयमा कोच राज्यअन्तगर्त बसोबास गर्ने कोचहरूका कूवाच, कूयब, कबच, कम्बोज, पाणी आदि विभिन्न नाम भए तापनि प्रायः जसो कोचहरूको वर्तमान नाम राजवंशी हो। राजवंशीको अर्थ राजको वंशज भन्ने हुन्छ (राजवंशी, २०७४)। कोच राज्यको शासनकालमा राजवंशी भाषा राज्य भाषाका रूपमा प्रतिष्ठित थियो। पछि साम्राज्य टुक्रियो, भाषा पनि भत्कियो। राजवंशी शब्द संस्कृतबाट आएको र संस्कृतबाट उद्भव भएको भाषा हो (भाषा आयोग, २०७५)। भारोपेली भाषा परिवारभित्र पर्ने बंगला, मैथिली, असमिया र राजवंशी यी सबै भाषाहरू साह्रै नजिकका नातेदार हुन्, भगिनी भाषा हुन् (उपाध्याय, २०५५)। राजवंशी जातिलाई सिमान्तकृत समूह (Marginalized group) अन्तर्गत राखिएको छ (नेसनल स्टाटिस्टिक अफिस, सन् २०२३)। यस तथ्याङ्कको आधारमा भन्दा २४०१ जना राजवंशीभाषीले आफ्नो मातृभाषाको प्रयोग नगरेको देखिन्छ। यसरी हेर्दा वक्तासङ्ख्याका आधारमा भन्दा नेपालमा बोलिने राजवंशी (कोच) भाषा सुरक्षित प्रायः वर्गमा परे तापनि हाल यो भाषा अपसरणको दिशातिर लागेको देखिन्छ भन्न सक्ने आधार देखिन्छ।

यसै सन्दर्भमा मोरङको बेलबारी नपाक्षेत्रका राजवंशीहरूका युवापुस्ताले घरायसी वातावरणमा पनि राजवंशी भाषाको प्रयोग कम गर्न थाल्नु, आफ्नो मातृभाषाको ठाउँको नाम पुर्ना गाउँलाई पुरानो गाउँ भन्नु, शिष्टाचार शब्द गोडलागीलाई नमस्कार भन्न थालेको पाइन्छ । यस्तो अवस्थाले राजवंशी भाषाका मौलिक शब्द लोप हुने, अर्कै उच्चारण हुन गई नयाँ शब्द बन्न जाने स्थिति देखिएको पाइन्छ । यस्तो अवस्था उक्त भाषाको अपसरणका केही उदाहरण हुन् । बोलचालमा नेपाली भाषाको प्रभाव पर्नु र राजवंशी जातिमा घरपरिवारमा अन्तर्जातीय विवाह बढ्दै जानुले पनि राजवंशीहरूको जातीय भाषा अपसरणोन्मुख हुँदै गरेको पाइन्छ । अतः बेलबारी क्षेत्रमा प्रयोग गरिने राजवंशी भाषाको भाषिक अपसरणको अवस्था के-कस्तो छ भन्ने सम्बन्धमा जिज्ञासा उत्पन्न भएको हुँदा यो अनुसन्धान गर्न आवश्यकता महसुस भएको हो । यसै सन्दर्भमा राजवंशी जातिले प्रयोग गर्ने लोपोन्मुख मौलिक शब्दहरूको संरक्षण गर्न प्रस्तुत लेखबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । साथै यस लेखले राजवंशी भाषासम्बन्धमा अनुसन्धान गर्न चाहने व्यक्तिहरूका लागि स्रोत सामग्रीको रूपमा पनि कार्य गर्छ भन्ने ठानिएको छ । यसै कुराबाट यस लेखको औचित्य र महत्त्व सिद्ध हुन्छ । अन्य भाषाको अपसरणका सम्बन्धमा केही पूर्वकार्यहरू भएका पाइए पनि राजवंशी भाषाको अपसरणको अध्ययनको अभाव रहेको पाइन्छ । अतः राजवंशी भाषा अपसरण अवस्थालाई यस लेखमा समस्या मानिएको हो । त्यसै समस्यामा केन्द्रित भई अध्ययन क्षेत्रमा बसोबास गर्ने राजवंशी भाषा अपसरणका क्षेत्र र त्यसका कारण केकस्ता छन् भन्ने अनुसन्धान प्रश्न निर्धारण गरिएको छ । यसै अनुसन्धान प्रश्नको समाधानका लागि यस क्षेत्रको राजवंशी भाषाको भाषिक अपसरणका क्षेत्र र तिनको कारणको विश्लेषण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

पूर्वकार्यको समीक्षा

राजवंशी भाषा नेपालको आदिवासी राजवंशी जातिले प्रयोग गर्ने जातीय भाषा हो । यस भाषाको प्रयोगकर्ताको सङ्ख्या विगत दशकहरूको तुलनामा घट्दै गई नेपाली भाषाका शब्दहरूको मिश्रित रूपको प्रयोग हुँदै गएको विभिन्न अध्ययनहरूले देखाएका छन् । यस लेखमा राजवंशी भाषाको अपसरणसम्बन्धी भएका प्रमुख पूर्वकार्यहरूलाई विषयगत (थिमेटिक) दृष्टिकोणबाट समीक्षात्मक ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ :

भाषा प्रयोगको पुस्तागत हस्तान्तरणको कमजोर अवस्था

भाषा अपसरणबाट जोगिनका लागि प्रमुख पक्ष भाषा प्रयोगको पुस्तागत हस्तान्तरण हुनु हो। राजवंशी भाषाको सन्दर्भमा नयाँ पुस्तामा भाषिक हस्तान्तरण कम हुने गरेको पाइन्छ। युनेस्को (सन् २००३) को भाषिक जीवन्तता मापनका सूचकअनुसार राजवंशी भाषा 'निश्चित रूपमा खतरामा को अवस्थामा रहेको देखिन्छ। यसै सन्दर्भमा यादव (सन् २०१४) ले आफ्नो अध्ययनमा उल्लेख गरेअनुसार राजवंशी समाजमा नयाँ पुस्तामा राजवंशी भाषाको ज्ञान सीमित रहेको र अधिकांश अभिभावकले नेपाली भाषालाई प्राथमिकता दिने थालेको सन्दर्भलाई औंल्याएका छन्। यस सन्दर्भले भाषिक हस्तान्तरणको कमजोर अवस्थालाई प्रकट गर्दछ। यसै गरी भण्डारी (सन् २०२३) ले राजवंशी भाषी समुदायका वृद्ध पुस्ताहरू आफ्ना युवा पुस्ता वा भावी पुस्तामा भाषास्थानान्तरण गर्नको लागि सक्षम रहेका छन् भन्ने निष्कर्ष निकाले पनि हाल राजवंशी भाषी नयाँ पुस्तामा यस भाषाप्रतिको मोह भङ्ग हुँदै गएको देखिन्छ।

सामाजिक तथा शैक्षिक पक्षहरूको भूमिका

भाषाको अपसरणमा सामाजिक तथा शैक्षिक पक्षहरूको भूमिका महत्वपूर्ण रहने तथ्यलाई घिमिरे (सन् २०१२) र मण्डल (सन् २०१८) अध्ययनहरूले देखाएका छन्। उक्त पूर्वकार्यहरूमा रोजगारीका लागि सहरतिर जानु, विद्यालयको औपचारिक शिक्षा प्रणालीमा मातृभाषाको प्रयोग नहुनु, समुदायका व्यक्तिहरूलाई प्रभुत्वशाली नेपाली भाषा रोज्न प्रेरित गर्नु आदि कारणले भाषा अपसरणमा पर्ने देखिन्छ भनेको पाइन्छ। त्यसै गरी शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०७५) द्वारा प्रकाशित *नेपालमा भाषिक अपसरण* अध्ययन प्रतिवेदनमा डोट्याली, नेवार, जुम्ली, मैथिली, नेपाली र थारू भाषाका वक्तामा अपसरणको स्थिति र ती भाषामा देखिएको भाषिक अपसरणका कारण र प्रभावको चर्चा गर्दै उक्त भाषामा भाषिक अपसरण हुँदै गएको निष्कर्ष निकालिएको छ। उक्त लेखमा राजवंशी भाषाको भाषिक अपसरणका बारेमा भने अध्ययन गरिएको छैन। त्यसै गरी उपाध्याय (२०५५) राजवंशी भाषामा परेको अन्य विभाषीय भाषाहरूको प्रभावका कारणले गर्दा यस भाषामा आएको परिवर्तनले यसको मूल स्वरूप नै नचिनिने जस्तो भइसकेको महशुस हुन्छ भनेको पाइन्छ। त्यस्तै सुब्बा (सन् २०१२) ले राजवंशीका कतिपय संस्कृति र परम्परा हिजो नेपालीकरण हुँदा र आज विश्वव्यापीकरण हुँदा लोप हुँदै आएको छ भने कतिपय परिवर्तित, परिमार्जित र अनुकूलित हुँदै आएका छन् भनेका छन्। त्यस्तै रेग्मी (२०७६) ले झापा, मोरङ र सुनसरीका

विभिन्न भेगमा राजवंशीबाहेका थारु, गन्गाई, ताजपुरिया, माझी, गिरी तथा मुसलमानले पनि विभिन्न रूपका राजवंशी भाषा बोल्दछन् । त्यसैले नेपालभित्र राजवंशी भाषीहरूको सङ्ख्या राजवंशीको जनसङ्ख्याभन्दा बढी रहेको पाइएको छ भनेका छन् । त्यसो हुँदा पनि यो भाषा अपसरणतर्फ अग्रसर देखिन्छ ।

राज्यको भाषिक नीति कार्यान्वयनको कमजोर पक्ष

भाषा संरक्षणमा राज्यको अहम् भूमिका रहन्छ । अधिकारी (सन् २०२०) को अध्ययनअनुसार स्थानीय भाषाहरूको संरक्षणका लागि राज्यले नीति निर्माण त गरेका छन् तर कार्यान्यनको अवस्था अत्यन्त कमजोर भएको तथ्यलाई औंल्याएका छन् । उनले उक्त अध्ययनमा मातृभाषामा प्रारम्भिक शिक्षा दिन सक्ने योग्य जनशक्ति नहुनु, पाठ्यक्रम र पाठ्यपुस्तकको अभाव हुनु आदि कारणले राज्यो भाषिक नीति खस्किएको छ भन्ने निष्कर्ष निकाले छन् । यसरी राज्यको भाषिक नीति मातृभाषा मैत्री हुन नसक्नुले पनि भाषिक अपसरणलाई बल पुऱ्याएको देखिन्छ ।

मातृभाषाप्रति गर्वको अभाव तथा नेपाली भाषाप्रति आकर्षण

भाषा जातीय सांस्कृतिक पहिचानको स्रोतसमेत हो । भाषाको संरक्षण भएन भने जातिको अस्तित्व सङ्कटमा पर्न सक्छ । राई (सन् २०१५) तथा चौधरी (सन् २०२१) का अनुसार नेपालका विभिन्न जातिहरूमा आफ्नै भाषाप्रति गर्वको महसुस नहुने तथा नेपाली भाषाप्रतिको आकर्षण बढी हुने कारणले गर्दा भाषिक प्रयोगमा असर गरेको र कतिपय परिवारमा आफ्नो सन्तानलाई राजवंशी भाषा सिकाउनु पछौटेपनको सूचक ठान्ने प्रवृत्ति समेत देखिन्छ भन्ने निष्कर्ष निकालेका छन् । त्यसै गरी सुब्बा (सन् २०१२) ले राजवंशीहरूको साँस्कृति परम्पराको परिवर्तनको अवस्था स्पष्ट पार्दै उनीहरूको मौलिक संस्कृतिको संरक्षण गर्न चाल्नु पर्ने आवश्यक कदमहरूको उजागर गरिएको छ तर राजवंशीहरूको भाषिक पक्षको अध्ययन गरिएको छैन ।

भाषा संरक्षणका लागि सामुदायिक प्रयासहरू

भाषिक संरक्षणका लागि केही सामुदायिक प्रयासहरू भएको देखिन्छ । सापकोटा र कार्की (सन् २०२२) का अनुसार राजवंशी भाषामा लोकगीतहरूको सङ्ग्रह, बालकथा तथा कविता सङ्ग्रह प्रकाशन, रेडियो कार्यक्रम तथा केही विद्यालयहरूमा वैकल्पिक भाषाको रूपमा पढाइ हुन थालेका छन् । राजवंशी (२०७६) ले राजवंशी भाषामा शब्दकोष र व्याकरण तयार

गरिसकिएको र पाठ्यपुस्तक पनि निर्माण भए पनि राज्यको भाषा नीतिले राष्ट्रिय र राष्ट्र भाषाप्रति आकर्षण घट्दै गएको स्थिति औंल्याएका छन् । यसरी सामुदायिक स्तरमा भएका यस्ता प्रयासहरू प्रशंसनीय भए पनि तिनीहरू सुसङ्गठित, दीगो र सरकारी सहकार्यमा आधारित नभएका हुँदा प्रभाव सीमित भएको देखिन्छ ।

राजवंशी र नेपाली भाषाका वाक्य गठनमा समानता

राजवंशी र नेपाली भाषाको तुलना गर्दा आचार्य (सन् २०२३) ले भनेअनुसार राजवंशी र नेपाली भाषाका सरल, संयुक्त र मिश्र सबै प्रकारका वाक्यहरूको संरचना स्वरूप समान रहेको कुरा सिद्ध हुन्छ भन्ने निष्कर्ष निकालेका छन् । यस समानताले पनि राजवंशीलाई भाषा नेपाली भाषतर्फ अपसरण हुन सहज भएको देखिन्छ ।

पूर्वकार्यहरूको उपर्युक्त विषयगत (थिमेटिक) समीक्षाले के देखाउँछ भने राजवंशी भाषाको अपसरण एक बहुआयामिक दृष्टिकोण हो । यसमा सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक तथा नीतिगत पक्षहरू गाँसिएका हुन्छन् । जातीय समुदायमा भाषिक हस्तान्तरणको पक्ष कमजोर हुनका साथै समुदायभित्रै आफ्नै भाषाप्रति गर्वको कमी छ । राज्यले अवलम्बन गरेका भाषा नीतिहरू प्रभावकारी छैनन् । भाषा संरक्षण लागि भएका कार्यहरू एक पक्षीय मात्र छन् । जसका कारणले गर्दा राजवंशी भाषा सङ्कटमा पर्दै गएको अवस्थालाई झल्काएका छन् । यसक साथै उक्त अध्ययनहरूमा भाषिक अपसरणबाट जोगिन राज्य, समुदाय तथा शैक्षिक संस्थाबिच सहकार्यको आवश्यकता औंल्याइएको छ ।

अध्ययन विधि

प्रस्तुत अनुसन्धानको क्षेत्र मोरङको बेलबारी नगरपालिकालाई लिइएको छ । यस क्षेत्रका राजवंशीहरू आफ्नो भाषा, धर्म संस्कृति र पहिचान कायमै राख्न अग्रसर बस्ती भएको हुँदा उक्त क्षेत्र अध्ययनका लागि छानिएको हो । उक्त क्षेत्रमा बसोबास गर्ने राजवंशी समुदायका अगुवाहरू, विद्यालयका शिक्षक, राजनीतिकर्मी, बुद्धिजीवी, समाजसेवी, किसान एवम् गृहिणी पृष्ठभूमि भएका राजवंशी मातृभाषा बोल्ने ९ जना वक्ताहरूलाई सूचकका रूपमा नमूना (sample) व्यक्तिहरू मानेर उद्देश्यमूलक ढङ्गले सहभागीको छनोट गरिएको छ । प्रस्तुत लेखका लागि तथ्य सङ्कलन गर्न साधनका रूपमा प्रत्यक्ष अन्तरवार्ताको उपयोग गरिएको छ । यसका लागि स्थलगत भ्रमण गरी सहभागीसँग प्रत्यक्ष अन्तर्वाता लिएर स्थलगत कार्य बाट प्राथमिक तथ्य सङ्कलन गरिएको छ । प्रत्यक्ष अन्तर्वार्ता लिँदा मोबाइल साधनलाई

रेकर्डरका रूपमा प्रयोग गरिएको छ । द्वितीयक स्रोतका रूपमा शोध्य विषयवस्तुसम्बद्ध प्रकाशित पुस्तक, लेखरचनाहरूका साथै वेभसाइटहरूको पनि सहयोग लिइएको छ । यस अध्ययनका लागि अनुसन्धान विधिमा रूपमा क्रेसवेल (सन् २००९) का धारणाअनुसार गुणात्मक अनुसन्धान (Qualitative Research) ढाँचा र डेन्जिन एन्ड लिङ्कन (सन् २०११) ले भनेजस्तै व्याख्यात्मक आयाम (इन्टरप्रेटिभिज्म) लाई प्रतिमान (प्याराडाइम) मानिएको छ । यसका साथै सामग्री सङ्कलनका क्रममा सहभागीको गोपनीयता कायम गरिएको छ । अध्ययनको उद्देश्यअनुसार विषयवस्तु (थिम) लाई विभिन्न शीर्षक-उपशीर्षकहरूमा सङ्कलित सूचना र तथ्यहरूको आगमनात्मक विधिअनुसार व्याख्या-विश्लेषण गरिएको छ ।

नतिजा र छलफल

प्रस्तुत अध्ययनका गर्दा शोध्य क्षेत्रका सूचकसँग व्यक्तिगत सञ्चारका माध्यमबाट तथ्यको खोज गरिएको छ । यस अध्ययनमा सहभागीहरूका तिनै कथनलाई आधार मानेर तिनलाई ससाना उपशीर्षकमा थिम (विषयवस्तु) निर्माण गरी निम्नानुसार छलफल तथा विश्लेषण गरिएको छ :

राजवंशी भाषाको अपसरणका क्षेत्रहरू

क्षेत्र अध्ययनका क्रममा प्राप्त तथ्यअनुसार राजवंशी भाषाका अपसरणका क्षेत्रहरूलाई निम्न थिमअनुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ :

पुस्तागत भाषिक अपसरण

यस शीर्षकमा पाको र युवापुस्ता दुवैका भाषिक अपसरणको स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

पाकोपुस्तामा भाषिक अपसरण : अध्ययनबाट प्राप्त गुणात्मक तथ्य विश्लेषण गर्दा यस क्षेत्रमा राजवंशी मातृभाषामा अहिले नेपाली भाषाका धेरै शब्द मिसिएका भेटिन्छन् । राजवंशी भाषी समुदायका पाको पुस्ताका मानिससँग अन्तर्वार्ता गर्दा उनीहरू आफ्नो पुस्तामा राजवंशी भाषामै कुराकानी गर्ने जानकारी प्राप्त भयो । राजवंशी समुदायका ७२ वर्षका पाका एक बुद्धिजीवी भन्छन्-“हाटबजारमा देकानसोकानमा राजवंशी राजवंशी भेट्दा खेरी आफ्नो मातृभाषामा बोल्नु एकदमै राम्रो हुन्छ । राजवंशी राजवंशीमा आफ्नो मातृभाषा नबोलेर यही नेपाली भाषा प्रयोग गर्दिन्छ” (विन्देश्वर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१)। त्यसै क्षेत्रका ८१ वर्षका पुराना राजनीतिकर्मी भन्छन्- “अहिले म आफ्नो जतियामा राजवंशी

बोल्छु, । अरू जातसँग नेपालीमा बोल्छु । आफ्नै जातियासँग पनि राजवंशी र नेपाली दुवै सराबरी नै बोल्छु" । (घुर्नालाल राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । यस तथ्यबाट राजवंशी भाषी समुदायमा आफ्नो मातृभाषीसँग कुराकानी गर्दा पनि नेपाली भाषाका शब्द व्यापक रूपमा प्रयोग हुने गरेको सङ्केत गर्दछ । राजवंशी भाषिक समुदायको बाक्लो बसोबास भएको नगर भए पनि यहाँ प्रस्ट रूपमा राजवंशी भाषा नेपाली भाषातर्फ अपसरण हुँदै गएको देखियो ।

युवापुस्तामा भाषिक अपसरण : क्षेत्र अनुसन्धानका क्रममा राजवंशी भाषी समुदायका युवाहरू घरपरिवारमा मात्र मातृभाषामा कुरा गर्ने र घरबाहिर नेपाली भाषाकै प्रयोग गर्ने कुराको जानकारी हुन आयो । ७७ वर्ष उमेरका कृषिकार्य गर्ने पाका राजवंशीभाषी सूचक जुक्तालाल राजवंशीसँग अन्तर्वार्ता गर्दा उनले भने- "नयाँ मान्छे भयो । सबैले अब नेपाली नै बोल्नु थालो । खाली घरमा आफ्नो कुरो गर्छ, आफ्नो जातको, बाहिर खाली नेपाली..." (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । राजवंशी युवापुस्तामा मातृभाषाप्रतिको आकर्षणमा कमी हुने गरेको तथ्य पनि एक सूचकले सार्वजनिक गरे । ती सूचनादाता भन्छन्- "अब युवा पुस्ताहरूमा खासै भन्नुपर्दा खेरी आफ्नो जातीय भाषाप्रति चाहिँ उनीहरूको आकर्षण देखिँदैन । बढी नेपाली भाषामा नै आकर्षण छ । घरपरिवारमा कतिपय गार्जेनहरूले पनि नेपाली नै भाषा प्रयोग गरिदिँदा पनि अलि युवापुस्ता पनि प्रायजसो नेपालीमै रुचाइराखेको छ । जुन घरमा परम्परागत राजवंशीकै खानपान, राजवंशीकै परम्पराअनुसार बोलाइ छ त्यसमा चाहिँ टिकिराख्या छ" (जलधर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१)। उपर्युक्त तथ्यका आधारमा हेर्दा विशेषगरी राजवंशी युवापुस्ता मातृभाषाको प्रयोगमा रुचि नदेखाएको र भाषिक अपसरण बढी हुने अवस्था पाइयो तर पाको उमेर समूहकाले भने आफ्नै भाषा प्रयोग गरेको पाइयो । यसबाट राजवंशी भाषीमा पुस्तागत भिन्नता रहेको सङ्केत देखा पर्दछ । साथै यसप्रकारका भनाइहरूबाट राजवंशी भाषाका युवापुस्ता पठनपाठन र माध्यम भाषाका कारण दोस्रो भाषा नेपालीतर्फ अपसरण हुँदै गएको पुष्टि हुन्छ ।

स्थान नाम शब्दको अपसरण

बेलबारी क्षेत्रका राजवंशी भाषाबाट राखिएका केही ठाउँका नामहरूमा पनि अपसरण भएको स्थानीय जानकारहरूले बताएका छन् । फिल्ड अध्ययनको क्रममा स्थाननाम एउटा भाषाबाट अर्को भाषामा कसरी अपसरण हुन्छ भन्ने निकै राम्रो उदाहरण पाइएको छ । त्यस

क्षेत्रको राजवंशी गाउँमा पन्थापारा भन्ने ठाउँको नाम रहेछ, त्यो नाम कसरी रहन पुग्यो भन्ने सन्दर्भमा त्यसै क्षेत्रमा लामो समयदेखि बलुवाहीमा शैक्षिक कार्यमा सक्रिय ५२ वर्ष उमेरका शिक्षक दालबर राजवंशी भन्छन् -"पान्थापारा होइन, पन्तापारा हो । पन्ता भनेको नि हामी आजको भातलाई भोलि खाने भनि पानी हालेर जुन राख्छौं नि हो, त्यो भातलाई पन्ता भात भनिन्छ । पन्तापारा अपभ्रशं भएर पन्थापारा भयो" (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २२, २०८१)। उनको भनाइअनुसार राजवंशी भाषाको पन्तापारा शब्द प्रयोग हुँदै जाँदा पन्थापारा पुगेको देखिन्छ । यसलाई पनि भाषिक प्रयोगको अपसरण नै मान्न सकिन्छ । त्यस्तै स्थान नामकै सन्दर्भमा उनले अर्को रोचक उदाहरण पनि प्रस्तुत गरेका छन् । यसै सन्दर्भमा उनी भन्छन्- "त्यो परको डाङ्गा हाट हो सर । डाङ्गा हाटलाई अपभ्रंस भएर डाँगीहाट भयो । डाङ्गा भनेको हाम्रो भाषामा अलि अग्लो ठाउँलाई डाङ्गा भन्छ । त्यहाँ हाट लाग्थ्यो, त्यसकारण त्यसलाई हाट भनियो । हाँगीहाट पछि आयो" (दालबर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २२, २०८१) । यस अध्ययनका अन्य सहभागीहरूले पनि यस्तै मत प्रकट गरेका छन् । यसरी यस क्षेत्रमा नेपाली भाषाको प्रभावले गर्दा यहाँका स्थानीय ठाउँका नाम आपसरणमा परेका प्रशस्त उदाहरण पाउन सकिन्छ ।

शिष्टाचार/अभिवादन शब्दको अपसरण

राजवंशी समाजमा शिष्टाचारलाई विशेष महत्त्व दिइन्छ । यस भाषामा मान्यजनलाई भेट्दा आफूले लगाएको जुत्ता, चप्पल खोलेर प्रणाम, नमस्कार, नमस्ते, बन्दगी, डन्डोत गरिन्छ । आजकल नमस्कार, नमस्ते गर्ने चलन बढेको र डन्डोत गर्ने प्रचलन कम भएको छ (सुब्बा, २०१२) । राजवंशी भाषामा शिष्टाचार/अभिवादन बुझाउने शब्दमा पनि अपसरणको स्थिति देखिएको छ । एक ५३ वर्षका सूचनादाता जलधर राजवंशी भन्छन्- "हामी गोडलागी भन्थ्यो । अब प्रायजसो धेरै सबै ठाउँमा अहिले नमस्कारै भन्छ सबैजनाले" (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । यसमा धार्मिक समूहहरूका गतिविधिहरूले पनि प्रभाव पारिरहेको देखिन्छ । तिनै सूचनादाता भन्छन्- "त्यसमा पनि अहिले राजवंशीहरूमा पनि प्रणामीहरू आएका छन् नि त, जयगुरु, शिवगुरुहरुले चलाएका नमस्कारहरू नै बढी प्रयोग गर्न थालेकोले गर्दा खेरी हाम्रो गोडलागी शब्दमा धार्मिक समूहहरूका गतिविधिहरूले पनि प्रभाव पारिरहेको छ, जस्तै अब हामी गोडलागीलाई चाहिँ उहाँहरूले प्रणाम भन्ने, कसैले जयगुरु पनि भन्ने गर्छ, यो शब्दले गर्दाखेरी पुस्ताहरूलाई प्रभाव पारेको छ " (व्यक्तिगत

अन्तर्वार्ता, कार्तिक २१, २०८१) राजवंशीले प्रयोग गर्ने गोडलागी शब्दको ठाउँमा अहिले नमस्कार भनिन्छ । त्यसैले गोडलागी शब्द अपसरणको अवस्थामा पुगेको छ ।

नाता/साइनो, सम्बन्धवाचक शब्दको अपसरण

नेपाली भाषाको सासूससुराको अर्थमा प्रयोग हुने बुडाबुडी शब्द हराएर अहिले बुबा आमामा प्रयोग भएको देखिन्छ । अध्ययनका सूचक जलधर राजवंशी भन्छन्- ‘‘हाम्रो बुडाबुडी (नेपाली भाषाको सासूससुराको अर्थमा) शब्द हराएर अहिले बुबा आमा नै भन्दै छन्’’ (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । त्यसै गरी नेपाली भाषाको जेठाजु अर्थ हुने राजवंशी भाषाको भसुर शब्दको लोप भएको देखिन्छ । तिनै सूचनादाताका अनुसार ‘‘हाम्रो भाइको परिवारले भसुर भन्थ्यो, हाम्रो ठुलो दाजुलाई, अहिले दाजु नै भन्न थालो’’ (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । यस्तै जानकारी अन्य सहभागीहरूबाट पनि प्राप्त भएको छ । यसरी वक्ताले राजवंशी भाषा नै बोलिरहको छ भने पनि बुडाबुडी, भसुर आदि जातीय नाता लगाउँदैन र नेपाली भाषाको नाताबोधक शब्द प्रयोग गर्छ भने यो पनि अपसरणको एक रूप हो भन्न सकिन्छ ।

तरकारीबोधक साग नाम शब्दको अपसरण

पहिला पहिला राजवंशी भाषामा तरकारी जति सबैलाई साग भनिन्थ्यो । सागमा पनि नामकरण हुन्थ्यो । मासु साग, दाल साग, बैगन साग आदि भनिन्थ्यो । एक जना राजवंशी समुदायका अगुवा भन्छन्- ‘‘तरकारीलाई चाहिँ हामी साग भन्थ्यौं । हरियो साग मात्र होइन, कुन साग भन्ने नाम हुन्थ्यो । जस्तै अब सागमा पनि नामकरण हुन्थ्यो । के साग ? मासु साग, दाल साग, तेल्का साग, सुकाटी साग, बैगन साग भनिन्थ्यो हाम्रो भाषाको’’ (जलधर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । अहिले चाहिँ त्यो साग हरियो सागमा मात्र सीमित भयो । मासु मासु नै भयो अरू बैगुन, आलु सबै तरकारी भए । यी भनाइ त उदाहरण मात्र हुन् । यस्तै भनाइ राख्ने सूचनादाता अरू धेरै छन् । यस्ता खालका कथनले राजवंशी भाषाका शब्दहरू नेपाली भाषातर्फ अपसरण हुँदै छन् भन्ने कुरा प्रस्ट पारेका छन् ।

उपर्युक्त सूचकहरूका कथनमा आधारित भएर छलफल गरिएअनुसार राजवंशीहरूले परिवारका सदस्यहरूको भेटघाट हुँदा, धार्मिक र सांस्कृतिक कार्यहरूमा राजवंशीहरूले आफ्नो मातृभाषा प्रयोगमा ल्याएको अवस्था विद्यमान छ । घरमा आउने साथीभाइहरूसँग नेपाली र राजवंशी भाषा दुवैको प्रयोग गरेको देखिन्छ भने भने राजवंशी मातृभाषीले घरपरिवारबाहिरका

व्यक्तिहरूसँग र औपचारिक सन्दर्भमा नेपाली भाषाकै प्रयोगको बाहुल्य रहेको प्रवृत्ति प्रस्ट रूपमा देखिन्छ । यस्तो अवस्थालाई हेर्दा राजवंशी भाषाका लागि नेपाली भाषा प्रभावी भाषाका रूपमा रहेकोले राजवंशी भाषा समुदायका वक्ता प्रभावी भाषातर्फ अपसरण हुँदैछन् भन्ने देखाउँछ ।

राजवंशी भाषाको अपसरणका क्षेत्रसम्बद्ध मुख्य प्राप्तिहरू

उपर्युक्त गुणात्मक तथ्य विश्लेषणका आधारमा हेर्दा राजवंशी भाषाको अपसरणको क्षेत्र र अवस्थाका सम्बन्धमा निस्किएका मुख्य प्राप्तिहरू निम्नानुसार रहेका छन् :

(क) राजवंशी भाषीले वैयक्तिक कार्यमा विशेष गरी परिवार भेला हुँदा र धार्मिक तथा सांस्कृतिक कार्य गर्दा आफ्नै मातृभाषा प्रयोग गर्ने गरेको पाइयो । बाहिरी परिवेशमा भने नेपाली भाषा नै प्रयोग गर्ने गरेको देखियो ।

(ख) अन्य विभिन्न भाषी समुदायका बिचमा सञ्चार गर्ने सम्बन्धमा भने राजवंशी भाषा नेपाली भाषातर्फ अपसरण हुँदै गएको पाइयो ।

(ग) राजवंशी भााषामा पुस्तागत भाषिक अपसरण भएको पाइयो । त्यसमा पनि पाकोपुस्ता र युवापुस्ता दुवैमा नै भाषिक अपसरण पाइयो । त्यसै गरी स्थाननाम, शिष्टाचार/अभिवादन, नाता/साइनो, सम्बन्ध, सागबोधक नामजस्ता क्षेत्रमा भषिक अपसरण प्रस्टै देखियो ।

राजवंशी भाषाको अपसरणका कारणहरू

कुनै जातीय समुदायको भाषा अपसरणमा पर्दै जाने विभिन्न कारणहरू रहेका देखिन्छन् । त्यसमा मुख्य गरेर अन्य भाषासँगको संसर्ग नै रहेको देखिन्छ । राजवंशी भाषा अपसरणका सम्बन्धमा देखिएका कारणहरू मूलतः निम्नअनुसार रहेका देखिन्छन् :

नेपाली भाषाको प्रभाव पर्नु

नेपाली भाषा सरकारी कामकाजको भाषा, सञ्चारको भाषा, पठनपाठनको भाषा, सम्पर्क भाषा अदि विविध भूमिकामा रहेको छ । यहाँका विभिन्न जातजातिबिचको कुराकानी वा संवादमा नेपाली भाषा नै सम्पर्क भाषाको रूपमा प्रयोग हुन्छ । बेलबारी नपाका डाँगीहाट, बलुवाही, बाहुनी क्षेत्रका राजवंशीहरूको पनि यही अवस्था रहेको देखिन्छ । अध्ययनको यस क्षेत्रमा प्राचीनकालदेखि नै राजवंशीहरूको बसोबास हुँदै आएको जानकारी प्राप्त भएको छ । त्यसै क्षेत्रका समाजसेवी ८४ वर्षका गयानन्द विश्वास राजवंशी भन्छन् -“हाम्रा बुवाहरूकै

पालादेखि सातपुस्ता उता पहिलेकै हो। हामी त यहाँ अहिले चार पुस्ता बितिसक्यो'' (व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २२, २०८१)। मातृभाषीहरू लामो समयसम्म अरू भाषीसँगको सम्पर्कमा गएर दोस्रो भाषा सिक्न पुग्दछ भन्ने तथ्यलाई ७७ वर्षकी एक गृहिणीले भनेका कुरा उल्लेख गर्नु यहाँ सान्दर्भिक हुन जान्छ। उनी भन्छिन् -''नेपाली गाउँमा बस्दा बस्दा साथी भयो। केटीसँग हिड्ने, खाने, बस्ने, डुल्ने गरेर सिकेको छु।'' (रिसी राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१)। अध्ययन क्षेत्रमा अन्य जातजातिको प्रभाव हुनुभन्दा अगाडि राजवंशीहरूले आफ्नो जातीय भाषामा नै व्यावहार चलाउने गरेको देखिन्छ। पछि नेपाली भाषा प्रयोगको प्रभाव बढ्न थालेपछि राजवंशी भाषामा प्रभाव पर्न गएको र त्यस भाषाको प्रयोगमा पनि नेपाली भाषाको मिश्रण रूप देख्न थालिएको अध्ययनमा सहभागी भएका विभिन्न सूचकहरूले बताएका छन्। त्यस क्षेत्रका राजवंशी समाजका अगुवा एक सूचक भन्छन्- ''अहिले हाम्रो गाउँघरमा पनि आफ्नै छोराछोरीसँग बुढापाकाहरूले मात्र राजवंशी भाषा प्रयोग गरेको छ र त्यसमा पनि अहिले मिक्स भको छ, धेरै कुराहरू'' (जलधर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१)।

विद्यालयमा नेपाली भाषामा पठनपाठन हुन थालेपछि यस्तो अवस्था आएको तर्क गर्दै अर्का सूचक भन्छन्- ''बढी बोलचालमा नेपाली भाषा नै रहेकोले गर्दा स्कुलदेखि लिएर अब हरेक कुरामा नेपाली भाषै बढी प्रयोग भकोले गर्दाखेरी हाम्रो भाषा अलिक ओझेल परेको हो'' (प्रभाकर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २२, २०८१)। गाउँघरमा त राजवंशी भाषा चलेकै भएपनि विद्यालयमा नेपाली र अंग्रेजी भाषाका माध्यमले पठनपाठन हुने भएकोले पनि राजवंशी मातृभाषा संकटमा पर्दै गएको अध्ययनमा सहभागी भएका सूचकहरूले जानकारी गराएका छन्। राजवंशी भाषा बोल्दाखेरी अंग्रेजीका शब्द पनि मिसाउने, नेपालीका शब्दहरू पनि मिसाउने गरेको पाइन्छ। यस्तो अवस्था उत्पन्न हुनुमा राज्यको भाषिक नीतिले प्रभाव पार्ने गर्छ। राष्ट्र भाषा भन्ने राज्यको विगतको अवधारणा वा एकल भाषिक नीति र राजनैतिक हस्तक्षेपका कारण यहाँका विभिन्न भाषा नेपाली भाषातर्फ अपसरण हुदै गएका पाइन्छन् (शिक्षा विकास तथा अनुसन्धान केन्द्र, २०७५)। यस अध्ययन क्षेत्रका राजवंशीहरूको मातृभाषा पनि घर परिवार, आफन्त, मेलापात, बिहे, भोज, पूजाआजामा मात्र सीमित भएको देखिन्छ। राजवंशी भाषाका केही शब्दहरू हराउँदै गएको तथ्य पनि एक सहभागीले उजागर गरेका छन्। बहुवाही क्षेत्रमा बसोबास गर्ने राजवंशी समाज, बेलबारीका अगुवा प्रभाकर

राजवंशी भन्छन्-"हाम्रो जातीय भाषाको शब्दहरू जुन डिलिट भएका शब्दहरू छन् नि, ती शब्दहरू हराउने क्रममा धेरै छन् सर । पुरानु पुरानु ठेट शब्दहरू छन् नि सर, भाषिक रूपमा बोल्ने शब्दहरू विलाउने अवस्थामा पुगिसकेका छन्" (प्रभाकर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २२, २०८१)। यसरी गाउँघरमा राजवंशी भाषा चलेकै भए पनि यी सूचकहरूका भनाइबाट नेपाली भाषाको प्रयोग बढ्न थालेपछि राजवंशी भाषामा प्रभाव पर्न गएको देखिन्छ।

अन्तर्जातीय विवाहको प्रभाव

भाषिक अपसरण हुनमा वैवाहिक स्थितिले पनि भूमिका खेलेको देखिन्छ । फरक फरक भाषी व्यक्तिका बिचमा हुने वैवाहिक सम्बन्धले गर्दा भाषिक अपसरण हुने अवस्था आउँछ । यस क्षेत्रका राजवंशीहरूमा पनि अन्तर्जातीय विवाहले गर्दा उक्त भाषामा असर पुगेको सूचकहरूले बताएका छन् । राजवंशी सामाजका अगुवा ५३ वर्षीय एक सूचक भन्छन् - "अहिले हरेक घरमा अन्तर्जातीय विवाह भइराखेको छ । राजवंशीहरूमा पनि अहिले धिमाल, चौधरी खवासहरूका क्षेत्री, बाहुन सबैसँग अहिले वैवाहिक सम्बन्ध भकोले गर्दा खेरी त्याँ पनि हाम्रो भाषामा अहिले धेरै असर परेको छ" (जलधर राजवंशी, व्यक्तिगत अन्तर्वार्ता, कार्तिक २१, २०८१) । यस्तो स्थितिले गर्दा पनि उक्त क्षेत्रको राजवंशी भाषा विस्तारै अपसरणतिर गईरहेको देख्न सकिन्छ ।

राजवंशी भाषाको अपसरणका कारणसम्बद्ध मुख्य प्राप्तिहरू

उपर्युक्त गुणात्मक तथ्य विश्लेषणका आधारमा निस्किएका मुख्य प्राप्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) राजवंशी मातृभाषीहरू लामो समयसम्म नेपाली भाषाको सम्पर्कमा गएपछि त्यस भाषाको प्रभाव परी राजवंशी भाषा अपसरणतर्फ लागेको देखियो ।

(ख) विद्यालय तहमा नेपाली भाषाका माध्यमबाट पठनपाठन हुन थालेपछि राजवंशी भाषामा पनि अपसरणको स्थिति देखापरेको पाइयो ।

(ग) राजवंशी समाजमा अन्तरजातीय वा अन्तरभाषिक वैवाहिक सम्बन्धले गर्दा आफ्नो पारिवारिक वातावरणमा र साथीभाइमा राजवंशी मातृभाषा र नेपाली भाषा दुवैको सराबरी प्रयोग हुने गरेकोले राजवंशी भाषा अपसरणतर्फ लागेको पाइयो ।

निष्कर्ष तथा निहितार्थ

यस अध्ययनबाट प्राप्त नतिजा र छलफलका आधारमा हेर्दा अध्ययन क्षेत्रमा प्रायजसो राजवंशी सजातीय सघन बस्तीहरूमा आफ्नो मातृभाषा बोलीचालमा प्रयोग गर्ने गरेका छन् । निरक्षर र पाको उमेरका मानिसहरूले मात्र आफ्नो जातीय भाषा प्रयोग गर्ने गरेका छन् । त्यसो भए पनि पाकोपुस्ता र युवापुस्ता दुवैमा नै भाषिक अपसरण भएको छ । मुख्यगरी स्थाननाम, शिष्टाचार/अभिवादन, नाता/साइनो, सम्बन्ध, सागबोधक नामजस्ता क्षेत्रमा भषिक अपसरण प्रस्टै देखिन्छ । त्यसै गरी भाषिक अपसरण हुने कारणहरूमा राजवंशी भाषी लामो समयसम्म नेपाली भाषाको सम्पर्क रहन जानु, विद्यालय तहमा नेपाली भाषाका माध्यमबाट मात्र पठनपाठन हुनु, राजवंशी समाजमा बढ्दो अन्तरजातीय वा अन्तरभाषिक वैवाहिक सम्बन्ध हुनुजस्ता कारणले राजवंशी भाषाको सीमित प्रयोगको हुँदा राजवंशी मातृभाषीहरू दोस्रो भाषा नेपालीतर्फ उपसरण हुँदै गएका छन् । यसले गर्दा नेपाली भाषीको सङ्ख्या बढ्दै गएको र राजवंशी भाषीको सङ्ख्या खुम्चिँदै गएको देखिएको छ । जसले गर्दा राजवंशी भाषा परिवारमा मात्र सीमित हुन पुगेको छ । राजवंशी भाषाका लागि नेपाली भाषा प्रभावी भाषाका रूपमा देखिन गएको छ । राजवंशी वक्ताहरू आफ्ना घरायसी, व्यावहारिक आवश्यकता पूर्ति गर्न र बाह्य समुदायको सम्पर्कमा रहन प्रभावी भाषातर्फ अपसरण हुँदै नेपाली भाषातर्फ अपसरण हुँदै गएको अवस्था छ । यसप्रकारको अपसरणको क्रम रहँदै जाने हो भने राजवंशीको भाषिक र जातीय पहिचान लोप हुने खतरा पनि रहन्छ । यस क्षेत्रमा सक्रिय राजवंशी सेवा समाज, ठाकुर ब्रह्माणी देवीको मन्दिरका माध्यमबाट गरिने गतिविधिबाट यहाँ बसोबास गर्ने राजवंशीहरूमा जातीय/सामुदायिक पहिचान तथा समूहगत एकता (communal solidarity) को भावना जागृत गराउन, मातृभाषाप्रति उनीहरूको लगाव र झुकाव उत्पन्न गराउन एक हदसम्म काम रहिरहेकै भए पनि यतिले मात्र पुग्दैन । यसका लागि राजवंशी जातीय भाषाको संरक्षणमा सङ्घीय सरकार र स्थानीय निकायले ध्यान पुऱ्याउनुपर्ने आवश्यकता छ । राजवंशी भाषा प्रयोगका अन्य क्षेत्र नहेरेर केवल केही कथ्य भाषिक शब्दको मात्र विश्लेषणमा यस लेखलाई सीमित गरिएको छ ।

प्रस्तुत अध्ययनको निष्कर्षअनुसार राजवंशी भाषा अपसरणोन्मुख भएको हुँदा भाषिक अपसरणबाट जोगाउन केही सुझावहरू प्रस्तुत गरिन्छ । जसका लागि राजवंशी भाषाको उच्चारण, शव्द र व्याकरण तथा वाक्य संरचना आदिका क्षेत्रमा देखिने भाषिक अपसरण,

अपसरणका कारण र प्रभावको गहिरो अध्ययन हुनुपर्छ । त्यस्तै विद्यालय तहको स्थानीय पाठ्यक्रमअन्तर्गत राजवंशी समुदाय बाहुल्य भएको क्षेत्रमा मातृभाषाका माध्यमबाट आधारभूत तहसम्म पठनपाठन गर्ने व्यवस्था स्थानीय तहले मिलाउनुपर्छ ।

सन्दर्भ सामग्री सूची

आचार्य, देवीप्रसाद (२०२३). वाक्यका आधारमा राजवंशी र नेपाली भाषाको तुलना. *अध्ययन जर्नल, १०* (१०), रिसर्च मेनेजमेन्ट सेल, मेची बहुमुखी क्याम्पस, भद्रपुर ।

उपाध्याय, द्रोणकुमार (२०५५). *राजवंशी जाति एक परिचय.* राजवंशी भाषा प्रचार समिति, केन्द्रीय कार्यालय ।

क्रेसबेल, जे.डब्लु. (सन् २००९). *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्वान्टिटेटिभ र मिक्स मेथड्स एप्रोचेज.* सेज पब्लिकेसन ।

डेन्जिन, एन.के.एन्ड लिङ्कन वाइ.यस. (सन् २०११). *द सेज ह्यान्डबुक अफ क्वालिटेटिभ रिसर्च.* सेज पब्लिकेसन ।

निरौला, यज्ञेश्वर (२०७९/८०). संघीय नेपालको भाषिक नीति तथा लोपोन्मुख भाषाहरू. *प्रज्ञा . २* (१२४), पृ. ७-१७, नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९). *प्रज्ञा नेपाली बृहत् शब्दकोश.* नेपाल प्रज्ञा प्रतिष्ठान।

नेसनल स्टाटिस्टिक अफिस (सन् २०२३). नेसनल रिपोर्ट अन कास्ट/इथ्नीसिटी, ल्याङ्ग्वएज एन्ड रिलिजन. *नेसनल पपुलेसन एन्ड हाउजिङ सेनसस् २०२१.* नेसनल स्टाटिस्टिक अफिस ।

भण्डारी, पुष्पादेवी (सन् २०२३). राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण. *सिद्धज्योति इन्टरडिसिप्लीनरी जर्नल, ४*, पृ.२००-२०१, सिद्धज्योति एजुकेशनल क्याम्पस, सिन्धुली ।

भाषा आयोग (२०७५). *राजवंशी भाषाको इतिहास* (परीक्षण प्रकाशन). भाषा आयोग ।

राजवंशी, इन्द्रसिंह (१९ फागुन २०७६). राजवंशी जातीय कि सम्पर्क भाषा ?. *कोचिला न्युज.* https://kochilanews.com/2020/03/8498/

राजवंशी, पानीलाल (२०७४). *कोच राजवंशीको छोटो ऐतिहासिक परिचय.* बागडुम्का प्रकाशन ।

रेग्मी, युवराज (१५ फागुन, २०७६). राजवंशीय जातीय संस्कृति र सम्पदा. *रातो कलम डटकम,* https://ratokalam.com/news/detail/74881/

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०७५). *नेपालमा भाषिक अपसरण* (भाषा आयोगमा प्रस्तुत प्रतिवेदन). त्रिभुवन विश्वविद्यालय ।

सुब्बा, नवराज (२०१२, अगस्त २१). नेपालको राजवंशी समुदाय र तिनका मौलिक संस्कृति परम्पराहरू. *भ्वाइस अफ राजवंशी,* http://www.voiceofrajbanshi.blogspot.com.

Adhikari, K. (2020). *Mother Tongue-Based Education and Language Policy in Nepal*. Language Commission Nepal.

Chaudhary, M. (2021). *Sociolinguistic Attitudes of Rajbanshi Youths* [MA Thesis]. Purwanchal University.

Ghimire, R. (2012). Language Shift and Economic Mobility: A Study of Eastern Nepal. *Journal of Linguistic Anthropology*, *22*(3), 215–230.

Mandal, R. (2018). Impact of Formal Education on Mother Tongue Use. *Linguistic Review of Nepal*, *5 (1),* 34–50.

Rai, D. (2015). Language and Identity among the Rajbanshi. *Journal of Ethnolinguistics*, *4*(2), 56–67.

Sapkota, M., & Karki, N. (2022). Community-Based Language Revitalization: Case of Rajbanshi in Jhapa. *Journal of Indigenous Studies*, *2* (1), 10–22.

UNESCO. (2003). *Language Vitality and Endangerment*. UNESCO Ad Hoc Expert Group Meeting Report, Paris.

Yadav, Y. (2014). *Rajbanshi Language Vitality in Eastern Terai* [MA Thesis]. Tribhuvan University.